मिति:२०७२/३/३०

१. संविधानको विधेयकको पहिलो मस्यौदामाथि श्रावण १ गते देखि श्रावण ६ गतेसम्म नेपाली नागरिकको राय सुझावको जनमत संकलन गर्नका लागि जिल्लाहरुको निर्वाचन क्षेत्रमा संविधानसभा सचिवालयका कर्मचारीहरु र माननीय सभासदहरु आउने कार्यक्रम भएकोले राय सुझाव संकलन कार्यक्रममा संवन्धीत क्षेत्रका गा.वि.स./ नगरपालिकाका बढी भन्दा बढी जन समुदायको सहभागिताको लागि प्रचार प्रसार गर्ने र प्रत्येक सभासदहरुलाई कार्यक्रम स्थलसम्म आउने जाने व्यवस्था,शान्ति सुरक्षाको प्रवन्ध. भेला भएका जन साधरण र कार्यक्रमस्थलको सुरक्षा प्रवन्ध लगायत निर्वाचन क्षेत्रगत कार्यक्रमस्थललाई केन्द्रविन्दु बनाई सुरक्षा कार्य योजान बमोजिम सुरक्षा व्यवस्थापन गर्ने र उक्त्त टोलीको कार्य सम्पादनमा उच्च प्राथमिकता दिई आवश्यक सहयोग र सहकार्य गर्न र कार्यक्रम गर्ने स्थानमा स्वास्थ्य टोली रहने व्यवस्था तथा बैठक व्यवस्थापनको लागि जिल्ला सुरक्षा समितिलाई निर्देशन गर्ने ।

२. संविधानको विधेयकको मस्यौदामाथि राय सुझावको जनमत संकलन गर्ने कार्यमा तथा संविधान सभाबाट संविधान जारी हुने मिति लाई लक्षित गरी उक्त मिति भन्दा अगाडि र पछाडिको समयमा विभिन्न राजनैतिक दल, संगठन, समूह, तथा समुदायबाट विरोधका कार्यक्रमहरु सार्वजनिक गरी विरोध जुलुस, सभा, धर्ना, अवरोध,चक्काजाम, नेपाल वन्द जस्ता कार्यक्रम गर्न सक्ने संभावना रहेकोले जिल्ला सुरक्षा समितिबाट जिल्ला सुरक्षा योजना बमोजिम सुरक्षा व्यवस्थापनका लागि सबै संभावित सुरक्षा चुनौतिको मूल्याङ्कन गरेर सुरक्षा निकायहरुबीच आपसी समन्वय कायम गरी तयारी हालतमा रही उच्च सतर्कता अपनाउने ।

३. यस वर्षको वर्षादको मौसममा अधिक वर्षाबाट हुन सक्ने बाढी, पहिरो जस्ता कारणबाट मानवीय एवं भौतिक संपत्तिको क्षति हुन नदिने तर्फ उच्च सतर्कता अपनाउन र तत्काल खोज,उद्धार र राहत वितरणमा परिचालित हुन सक्ने गरी सबै सुरक्षा निकायलाई विपद व्यवस्थापनको पूर्व तयारी अवस्थामा रहन र स्थानीय Rafting पर्यटन व्यवसायीहरु लगायत अन्य गैरसरकारी संघ संस्थाहरुसंग समन्वय गरी उपलब्ध हुने उद्धार सामाग्रीको जानकारी लिई राख्न जिल्ला दैवी प्रकोप उद्धार समितिलाई निर्देशन गर्ने ।

४. क्षेत्रीय प्रशासन कार्यालय मातहतको पूर्वाञ्चल क्षेत्रको लागि **"क्षेत्रीय आपतकालिन सामग्री भण्डार गृह"** सुनसरीको इनरुवामा संचालनमा आईसकेको छ । उक्त्त भण्डार गृहमा निम्न परिमाणमा राहत सामग्रीहरु मौज्दातमा रहेको छ र आपतकालिन विपदको समयमा मौज्दातमा रहेका राहत सामग्रीहरु प्रभावित क्षेत्रका पीडित परिवाहरुलाई उपलब्ध गराइने भएकोले समन्वय आवश्यकतानुसार विपद व्यवस्थापन गर्न जिल्ला सुरक्षा समितिलाई निर्देशन गर्ने ।

तपसित

१.त्रिपाल थान ५०००० (पचास हजार) (३३३३ प्यकेट)
२.कम्वल थान ५३१ कार्टूनर १५१ बोरा)
३.पाल थान चाइनिज पाल ५०० थान ( 12 M*12M)
४.सोलार लाइट
५.जेनेरेटर थान २ ( 5 K.V.A) र ( 10 K.V.A) १ थान

प्रतिलिपि
२०७२/३/३०